नेपाल राष्ट्र बैंक
समाचार

वर्ष ४७ अङ्क १२ भदौ २०८० अगष्ट-सेप्टेम्बर २०२३

# आ.व. २०८०/८१ को मौद्रिक नीति सार्वजनिक




नेपाल राष्ट्र बैंकले आर्थिक वर्ष २०८०/८१ को मौद्रिक नीति सार्वजनिक गरेको छ। साउन ७ गते जारी मौद्रिक नीतिमा मूल्य र बाह्य क्षेत्र स्थायित्व कायम राख्दै अर्थतन्त्रलाई चलायमान बनाउने उद्देश्यका साथ नीतिको कार्यदिशालाई सजगतापूर्वक लचिलो बनाइएको छ।

वित्तीय स्रोतलाई उत्पादनशील क्षेत्रमा प्रवाह गराई आन्तरिक उत्पादन क्षमता अभिवृद्धि गर्ने प्राथमिकता नीतिमा राखिएको छ। ठूला कर्जाको अनुगमन, नियमन र सुपरिवेक्षणलाई प्रभावकारी बनाउने, कर्जाको अधिकेन्द्रीकरण कम गर्दै लैजाने, साना तथा मझौला उत्पादनशील कर्जालाई प्राथमिकता दिने र कर्जाको गुणस्तर तथा पहुँच अभिवृद्धि गरी वित्तीय स्थायित्व प्रवर्द्धन गरिने नीतिमा उल्लेख छ।

### संरचना, लक्ष्य र उपाय

बैंक तथा वित्तीय संस्थाको अन्तरबैंक कारोबारको भारित औसत ब्याजदरलाई सञ्चालन लक्ष्यको रूपमा यथावत् राखिएको छ। विदेशी विनिमय सञ्चितिले आयात धान्ने क्षमता र वार्षिक लक्षित मुद्रास्फीतिका आधारमा नीतिगत दर तय गरिने जनाइएको छ। सञ्चालन लक्ष्यको स्थितिको आधारमा सक्रिय रूपमा खुला बजार कारोबार सञ्चालन गरी अन्तरबैंक ब्याजदरलाई ब्याजदर करिडोरभित्र राखिने नीतिमा उल्लेख छ।

कम्तीमा सात महिनाको वस्तु तथा सेवा आयात धान्न पुग्नेगरी विदेशी विनिमय सञ्चिति कायम गर्ने लक्ष्य राखिएको छ। मुद्रास्फीतिलाई ६.५ प्रतिशतभित्र कायम राख्न मौद्रिक विस्तारबाट मूल्यमा चाप पर्न नदिने गरी मौद्रिक व्यवस्थापन गरिने नीतिमा उल्लेख छ। नेपाल सरकारको आर्थिक वर्ष २०८०/८१ को बजेट कार्यक्रमले लक्षित गरेबमोजिम छ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्न सहयोग पुग्नेगरी वित्तीय स्रोतलाई उत्पादनशील क्षेत्रतर्फ प्रवाह गर्ने कार्यलाई प्राथमिकता दिइएको छ। आर्थिक वर्ष २०८०/८१ मा विस्तृत मुद्राप्रदाय १२.५ प्रतिशत र बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रतर्फ जाने कर्जा ११.५ प्रतिशतसम्मले वृद्धि हुने नीतिको प्रक्षेपण छ।

आन्तरिक तथा बाह्य आर्थिक परिदृश्यलाई दृष्टिगत गरी नीतिगत दरलाई ५० आधार विन्दुले घटाई ६.५ प्रतिशत कायम गरिएको छ। बैंकदरलाई ७.५ प्रतिशतमा यथावत् राखी निक्षेप सङ्कलन बोलकबोल दरलाई ५.५ प्रतिशतबाट घटाएर ४.५ प्रतिशत कायम गरिएको छ। सञ्चालन लक्ष्यको रूपमा लिइएको भारित औसत अन्तरबैंक ब्याजदर बैंक दरभन्दा उच्च र निक्षेप सङ्कलन दरभन्दा न्यून भएमा दोस्रो बजार कारोबार र निक्षेप सङ्कलन बोलकबोल खुला गरिने मौद्रिक नीतिमा उल्लेख छ।

बैंक दरमा स्थायी तरलता सुविधा र नीतिगत दरमा ओभरनाइट तरलता सुविधा उपलब्ध हुने व्यवस्थालाई यथावत् राखिएको

छ । ब्याजदर करिडोरलाई प्रभावकारी बनाउन ब्याजदर करिडोरको तल्लो सीमामा स्थायी निक्षेप सङ्कलन सुविधा उपलब्ध गराउने व्यवस्था गरिने जनाइएको छ । अनिवार्य नगद अनुपात र वैधानिक तरलता अनुपातलाई नीतिमा यथावत् राखिएको छ ।


### नियमन तथा सुपरिवेक्षण

वित्तीय क्षेत्रको स्थायित्वलाई असर पुऱ्याउने गैरव्यावसायिक तथा उच्छृङ्खल गतिविधिलाई नियन्त्रण गर्न सहयोग पुग्ने गरी विद्यमान बैंकिङ कसुर ऐन, २०६४ मा संशोधन प्रक्रिया अगाडि बढाइने घोषणा मौद्रिक नीतिले गरेको छ । पारस्परिक मूल्याङ्कनबाट प्राप्त सुझावका आधारमा सम्पत्ति शुद्धीकरण निवारणसँग सम्बन्धित निर्देशनहरू जारी गरी सम्बन्धित कानुनमा परिमार्जन गर्न र राष्ट्रिय रणनीति तर्जुमा गर्न सहजीकरण गरिने नीतिमा उल्लेख छ ।

पहिलो आवासीय घर कर्जाको सीमा रु.एक करोड ५० लाखलाई वृद्धि गरी दुई करोड पुऱ्याइएको छ । बैंक तथा वित्तीय संस्थामा खाता खोली विप्रेषण पठाएमा कम्तीमा एक प्रतिशत थप ब्याज दिने व्यवस्थालाई निरन्तरता दिइएको छ । बैंक तथा वित्तीय संस्थाको सुझाव समेतको आधारमा चालु पुँजी कर्जासम्बन्धी मार्गदर्शनमा आवश्यक पुनरावलोकन गरिने जनाइएको छ ।

प्राकृतिक प्रकोप वा अन्य विशेष परिस्थितिजन्य कारणले समस्यामा परेका ऋणीको कर्जा पुनरसंरचना लगायतका व्यवस्था गरेर पुनरुत्थान तथा अन्य व्यवस्थापनका लागि बैंक तथा वित्तीय संस्थाले अवलम्बन गर्नुपर्ने उपाय र प्रक्रियालाई समावेश गरी 'स्ट्रेस लोन रिजोलुसन फ्रेमवर्क' जारी गरिने उल्लेख छ । वाणिज्य बैंकका सम्पत्तिको गुणस्तर पुनःमूल्याङ्कन गर्दै बैंक तथा वित्तीय संस्थाको आन्तरिक कर्जा जोखिम वर्गीकरण गर्नेसम्बन्धी मार्गदर्शन तर्जुमा गरी कार्यान्वयनमा ल्याइने जनाइएको छ ।

नीतिमा उल्लेख भएअनुसार राष्ट्रियस्तरका विकास बैंकहरूले समेत पूर्ण रूपमा 'पुँजी पर्याप्तता संरचना, २०१५' अनुसार पुँजीकोष कायम गर्नुपर्ने व्यवस्था लागू गरिनेछ । कर्जा प्रवाहको वर्तमान अवस्थासमेतको विश्लेषणको आधारमा तोकिएका क्षेत्रमा कर्जा लगानी गर्नेसम्बन्धी विद्यमान व्यवस्थामा आवश्यक पुनरावलोकन गरिनेछ । आर्थिक वर्ष २०८०/८१ को बजेटमा उल्लेख भएबमोजिम बचत तथा ऋण सहकारी संस्थाको प्रभावकारी नियमन र सुपरिवेक्षणका लागि छुट्टै विशिष्टीकृत नियामक निकाय




स्थापना गर्न आवश्यक सहजीकरण गरिने नीतिमा उल्लेख छ ।

सरकारले जारी गरिरहेको राष्ट्रिय परिचयपत्रलाई केन्द्रीय ग्राहक पहिचान प्रणालीमा आबद्ध हुनेगरी केन्द्रीय ग्राहक पहिचान प्रणालीको निर्माण र कार्यान्वयन गर्न सम्बन्धित निकायसँग आवश्यक समन्वय गरिने नीतिमा उल्लेख छ । वित्तीय गहिराइ मापनका लागि बैंक तथा वित्तीय संस्थाका अतिरिक्त लघुवित्त वित्तीय संस्था, बिमा कम्पनी, नागरिक लगानी कोष र कर्मचारी सञ्चय कोषलगायतका अन्य गैर-बैंकिङ वित्तीय संस्थाको वासलात समावेश भएको वित्तीय सर्वेक्षण तयार गरी प्रकाशन गरिनेछ । सेयर धितो कर्जा, रियल स्टेट कर्जा तथा हायर पर्चेज कर्जाका विद्यमान जोखिम भारसम्बन्धी व्यवस्थामा पुनरावलोकन गरिने नीतिमा जनाइएको छ । २०८१ असार मसान्तसम्म एकीकृत कारोबार सञ्चालन गरेमा विद्यमान सुविधा उपलब्ध हुनेगरी लघुवित्त वित्तीय संस्थाहरूको मर्जर र प्राप्तिलाई प्रोत्साहन गरिने उल्लेख छ ।

### भुक्तानी प्रणाली

केन्द्रीय बैंक विद्युतीय मुद्रा जारी गर्ने सम्बन्धमा भएको अध्ययनको आधारमा थप कार्य अगाडि बढाइने नीतिमा उल्लेख छ । सार्वजनिक सेवा प्रवाह हुने मुख्य कार्यालयमा विद्युतीय भुक्तानीका उपकरणको प्रयोग गरी राजस्व सङ्कलन गर्ने कार्यमा सहजीकरण गरिने नीतिमा लेखिएको छ । विद्युतीय भुक्तानीमा आबद्ध संस्थाहरूले गर्ने कारोबारको राफसाफ प्रिन्सिपल फर फाइनान्सियल मार्केट इन्फ्रास्ट्रक्चरसँग सामञ्जस्य हुने गरी राष्ट्र बैंकको प्रणालीमार्फत फछ्र्यौट हुने व्यवस्था मिलाइने उल्लेख छ ।

### विदेशी विनिमय व्यवस्थापन

विदेशी लगानीसम्बन्धी प्रक्रियालाई सरलीकरण र सहजीकरण गर्न नेपाल राष्ट्र बैंक विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावलीमा आवश्यक संशोधन गरिने जनाइएको छ । सूचना प्रविधिलगायतका सेवा निर्यात गर्ने उद्देश्यले सञ्चालित उद्योग/व्यवसायलाई तेस्रो मुलुकमा सम्पर्क कार्यालय स्थापना गर्न, विदेशी निकायलाई भुक्तानी गर्न/आफ्नै विदेशस्थित बैंक खातामा रकमान्तर गर्न र सफ्टवेयर वा प्रोग्राम खरिद तथा उपकरण जडान गर्न उद्योग/व्यवसायले गरेको विदेशी मुद्रा आर्जनको निश्चित प्रतिशतसम्म विदेशी मुद्रा सटही सुविधा तोकिएका कागजातको आधारमा वाणिज्य बैंकमार्फत नै उपलब्ध हुने व्यवस्था गरिनेछ ।

भारतबाहेक अन्य मुलुकको भ्रमणमा जाने नेपाली नागरिकलाई राहदानी सुविधाबापत परिमार्जन गरी अमेरिकी डलर २५०० सम्म उपलब्ध गराइने नीतिमा उल्लेख छ । हवाई सेवा प्रदायकलाई आवश्यक पर्ने सेवा शुल्कको भुक्तानी विदेशमा गर्दा नियामक निकायको स्वीकृति/सिफारिस र तोकिएका कागजातसमेतको आधारमा अमेरिकी डलर एक लाख वा सोबराबरको अन्य परिवर्त्य विदेशी मुद्रासम्मको रकम इजाजतपत्रप्राप्त वाणिज्य बैंकमार्फत पठाउने व्यवस्था गरिने जनाइएको छ ।

मौद्रिक नीतिको कार्यान्वयनबाट समष्टिगत आर्थिक स्थायित्व प्रवर्द्धन हुने, वित्तीय स्रोतको उत्पादनशील उपयोग अभिवृद्धि हुने, वित्तीय पहुँच विस्तार हुने र उच्च तथा दिगो आर्थिक वृद्धिको लक्ष्य हासिल गर्न सहयोग पुग्ने अपेक्षा राष्ट्र बैंकले राखेको छ । आर्थिक तथा वित्तीय स्थितिको त्रैमासिक समीक्षा गरी मौद्रिक, वित्तीय क्षेत्र, भुक्तानी प्रणाली र विदेशी विनिमय व्यवस्थापनसँग सम्बन्धित नीतिमा आवश्यक पुनरावलोकन गरिने जनाइएको छ ।

मौद्रिक नीति जारी भएपछि आयोजित पत्रकार सम्मेलनमा गभर्नर महाप्रसाद अधिकारीले नीतिका मुख्य व्यवस्थाबारे जानकारी दिँदै नीतिको कार्यान्वयनबाट समष्टिगत आर्थिक स्थायित्वको प्रवर्द्धन, वित्तीय स्रोतको उत्पादनशील उपयोग, वित्तीय पहुँच विस्तार र उच्च तथा दिगो आर्थिक वृद्धिको लक्ष्य हासिल हुने विश्वास व्यक्त गर्नुभयो । सो अवसरमा उहाँले ठूलो ऋणीको अनुगमनका निम्ति बैंकले 'बिग बरोअर फ्रेमवर्क' तयार

गरिरहेको जानकारी दिनुभयो ।

पत्रकार सम्मेलनमा गभर्नर अधिकारीले पहिलो त्रयमासभित्र चालु पुँजी कर्जा मार्गदर्शनमा पुनरावलोकन गर्ने तयारी भइरहेको जानकारीसमेत दिनुभयो । उहाँले भन्नुभयो, "चालु पुँजी कर्जा मार्गदर्शन जारी भएको नौ महिना अवधिको समीक्षाको आधारमा हामीले यसमा पुनरावलोकन गर्न खोजेका छौँ । त्यो पनि मार्गदर्शनको मूल मर्मभन्दा विपरीत हुनेगरी होइन । पुनरावलोकन गर्दा व्यापार/व्यवसाय सञ्चालनमा आएका समस्यालाई मात्रै सम्बोधन गरिनेछ ।"

कार्यक्रममा डेपुटी गभर्नरद्वय डा. नीलम ढुङ्गाना तिम्सिना र बमबहादुर मिश्र, सञ्चालकद्वय डा. शङ्करप्रसाद आचार्य र डा. रविन्द्रप्रसाद पाण्डे, विभिन्न विभागका कार्यकारी निर्देशकहरू, बैंक तथा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृतहरू, सञ्चारकर्मीलगायतको उपस्थिति थियो । कार्यक्रमको सञ्चालन गभर्नरको कार्यालयका उप-निर्देशक डा. भागवत आचार्यले गर्नुभएको थियो । ■

# वित्तीय जानकारी इकाइ र गभर्नरको कार्यालयद्वारा ज्ञान आदानप्रदान कार्यक्रम आयोजना



वित्तीय जानकारी इकाइले साउन १५ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो । कार्यक्रममा इकाइका उप-निर्देशक स्वरूप श्रेष्ठले नेपालको तेस्रो चरणको पारस्परिक मूल्याङ्कन प्रक्रिया र हालै सम्पन्न एपीजीको वार्षिक बैठकमा भएको छलफलका विषयमा वार्ता प्रस्तुत गर्नुभयो ।

यसै गरी, इकाइका सहायक (सू.प्र.) विवेश पोखरेलले इकाइमा रहेका शङ्कास्पद कारोबारको अभिलेख राख्नको निम्ति तयार गरिएको 'अभिलेख व्यवस्थापन प्रणाली (आरएमएस)' को उपयोग र प्रविष्टि गर्ने तरिकाबारे जानकारी दिनुभयो ।

कार्यक्रममा इकाइका प्रमुख दीर्घबहादुर रावलले सहभागीको जिज्ञासाको जवाफ दिँदै नेपालको तेस्रो पारस्परिक मूल्याङ्कनमा वित्तीय जानकारी इकाइको भूमिकाबारे जानकारी दिनुभयो । कार्यक्रममा इकाइका कर्मचारीहरूको सहभागिता थियो ।

यसै गरी, गभर्नरको कार्यालयले साउन १७ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो । सो अवसरमा आर्थिक अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. प्रकाशकुमार श्रेष्ठले 'आ.व.२०८०/८१ को मौद्रिक नीति तर्जुमाको सन्दर्भमा आर्थिक तथा वित्तीय स्थिति' विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो ।

त्यस क्रममा उहाँले विश्व अर्थतन्त्रको परिदृष्य, आर्थिक वृद्धि, मुद्रास्फीति, बाह्य क्षेत्र, मौद्रिक र बैंकिङ क्षेत्रसँग सम्बन्धित आर्थिक परिसूचकका विविध पक्षबारे जानकारी दिनुभयो । कार्यकारी निर्देशक श्रेष्ठले आयात, निर्यात, विप्रेषण, चालु खाताको अवस्था, भुक्तानी सन्तुलन, विदेशी विनिमय सञ्चितिलगायतका तथ्याङ्क प्रस्तुत गर्दै बाह्य क्षेत्रको अवस्था सहज रहेको धारणा राख्नुभयो । उहाँले भन्नुभयो, "शोधानान्तर बचत भएसँगै विदेशी विनिमय सञ्चितिमा उल्लेख्य सुधार भएको छ । तर वस्तु तथा सेवाको आयात बढेमा शोधानान्तर स्थितिमा फेरि दबाब पर्न सक्छ ।" सो अवसरमा उहाँले आर्थिक वर्ष २०८०/८१ को निम्ति जारी गरिएको मौद्रिक नीतिमा भएका मुख्य व्यवस्थाबारे चर्चा गर्नुभयो ।

भर्चुअल माध्यममार्फत आयोजित कार्यक्रममा विभिन्न विभाग/कार्यालयका करिब ३०० कर्मचारीको सहभागिता थियो । सो अवसरमा गभर्नरको कार्यालयका कार्यकारी निर्देशक डा. नेफिल मातङ्गि मास्केले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्नुभयो भने निर्देशक किरण पण्डितले धन्यवाद ज्ञापनसहित समापन मन्तव्य राख्नुभयो । कार्यक्रम सञ्चालन उप-निर्देशक डा. भागवत आचार्यले गर्नुभएको थियो । ■

# वैदेशिक अध्ययनः प्रतिभासँगै पुँजी पनि पलायन



✍ चोपकान्त सुवेदी
उप-निर्देशक

पछिल्लो समय नेपाली विद्यार्थीको वैदेशिक अध्ययनको प्रवृत्ति फेरिएको देखिन्छ। विदेश अध्ययनसँगै दिगो रोजगारी पनि तिनको ध्येय बनेको देखिन्छ। नेपालमा औद्योगीकरणको विकास हुन नसकेका कारण निजी क्षेत्रमा पर्याप्त मात्रामा रोजगारी सिर्जना हुन सकेको छैन। हरेक वर्ष कलेज एवम् विश्वविद्यालय शिक्षा उत्तीर्ण गरी रोजगार बजारमा प्रवेश गर्ने करिब पाँच लाख युवाको लागि सरकारी तथा सार्वजनिक क्षेत्रमा उपलब्ध सीमित रोजगारीको अवसर 'हात्तीको मुखमा जिरा' सरह भएको छ। रोजगारी पाएकाहरू पनि न्यून पारिश्रमिक र जीवन निर्वाह लागत उच्च रहेका कारण सन्तुष्ट देखिँदैनन्। जीवनभर रोजगारी गरे पनि जीवन निर्वाह खर्च उच्च रहेका कारण त्यसबाट प्राप्त आम्दानीले जीवनस्तर उकास्न मुस्किल हुने अवस्था छ। सहर बजारमा रोजगारी गर्ने अधिकांशको आम्दानीबाट बचत रहने सम्भावना न्यून छ। स्वदेशको रोजगारीबाट निर्वाहमुखी जीवन चलाउनुबाहेक जीवनले कोल्टे फेर्ने कुरा असम्भव प्रायः देखिँदै गएको छ।

निजी क्षेत्रमा केही बढी रोजगारीको अवसर र सम्भावना भए पनि यस्तो क्षेत्रको रोजगारीमा छनोटको आधार पारदर्शी भएको पाइँदैन। भनसुनका आधारमा कर्मचारी छानिने, प्रतिभाको कदर नहुने, कामको जिम्मेवारीबमोजिमको पारिश्रमिक नपाइने र रोजगारीको स्थायित्वसमेत नहुने हुँदा निजी क्षेत्रको रोजगारीमा युवाको आकर्षण देखिँदैन। तसर्थ, उच्च शिक्षाको अभिलाषाका कारण नभई शिक्षा पूरा गरेपछि हुन सक्ने बेरोजगारी र बेचैनीका कारण पछिल्ला केही वर्षयता कलेज र विश्वविद्यालय शिक्षा उत्तीर्ण गरेका उच्च-मध्यम र उत्कृष्ट विद्यार्थीको रोजाइ वैदेशिक अध्ययन बनेको छ। तीमध्ये कक्षा १२ पास गरी विदेश जाने विद्यार्थीको सङ्ख्या अधिक छ। विदेशमा विद्यार्थीले कलेज वा विश्वविद्यालय तहको शिक्षा उत्तीर्ण गरेपछि योग्यताअनुसारको रोजगारी पाउने, पारिश्रमिक उच्च हुने, छोटो समयमै गुणस्तरीय जीवन सुनिश्चित हुने र शिक्षापछिको व्यावसायिक जीवनमा बढी सफलता हासिल हुने सम्भावनाले बाहिरिएका विद्यार्थीको स्थायी बसोबासको रोजाइ विदेश नै हुने गरेको छ। फलतः नेपाली विद्यार्थीको वैदेशिक अध्ययन 'वैदेशिक बसाइँसराइ'मा परिणत भइरहेको छ। यसको अर्थ नेपाली विद्यार्थीको वैदेशिक अध्ययन नेपालबाट प्रतिभा पलायन (Brain Drain) को माध्यम बनेको देखिन्छ।

वैदेशिक अध्ययन प्रतिभा पलायनमा मात्र सीमित छैन। ऊर्जाशील, उत्पादनशील र प्रतिभावान् विद्यार्थीको पलायनसँगै हुने पुँजी पलायन देशको लागि दीर्घकालीन चिन्ताको विषय बनेको छ। विप्रेषणको सीमित स्रोतबाट आर्जित अर्बौं रुपैयाँबराबरको विदेशी मुद्रा शिक्षाको नाममा विदेशिने गरेको छ। नेपालबाट हरेक वर्ष कति विद्यार्थी अध्ययनका लागि विदेशिए भन्ने यकिन तथ्याङ्क त राज्यसँग छैन। तथापि, वैदेशिक अध्ययनका निम्ति विद्यार्थीले लिएका अनुमतिपत्र (No Objection Certificate-NOC) आधारमा विदेशिएका विद्यार्थीको आँकडाबारे अनुमान गर्न सकिन्छ। शिक्षा मन्त्रालयले जारी गरेको अनुमतिपत्रलाई वैदेशिक अध्ययनमा गएका विद्यार्थीको सङ्ख्या मान्ने हो भने पछिल्लो १० वर्षमा पाँच लाख ४३ हजारभन्दा बढी विद्यार्थी वैदेशिक अध्ययनका लागि गएको देखिन्छ।

आ.व. २०७०/७१ मा वैदेशिक अध्ययनमा जाने विद्यार्थीको सङ्ख्या करिब २८ हजार रहेकोमा २०७९/८० मा एक लाख १० हजारभन्दा बढी विद्यार्थी अध्ययनका नाममा विदेशिएका छन्। विगत १० वर्षमा वैदेशिक अध्ययनको नाममा विद्यार्थी विदेशिने औसत दर ३२ प्रतिशत रहेको छ भने सोही दरमा विदेशी मुद्रासमेत बढ्दो दरमा विदेशिने गरेको छ। आ.व. २०७०/७१ मा वैदेशिक अध्ययनबापत कुल रु.१५ अर्बबराबरको विदेशी मुद्रा बाहिरिएकोमा २०७९/८० मा रु.१०० अर्ब बाहिरिएको छ। पछिल्लो एक दशकमा वैदेशिक अध्ययनका लागि मात्र रु.३९० अर्ब रकम विदेशिएको छ। अध्ययनको लागि जाने विद्यार्थीले लैजाने राहदानीबापतको सटही सुविधासमेत गणना गर्ने हो भने आ.व. २०७९/८० मा मात्रै करिब रु.११५ अर्ब र विगत १० वर्षमा रु.४५३ अर्ब अर्थात् करिब चार अर्ब अमेरिकी डलर (विगत दश वर्षको अमेरिकी डलर र नेपाली रुपैयाँको वार्षिक औसत विनिमय दरको आधारमा) विदेशी मुद्रा विद्यार्थीले आफूसँगै विदेश लगेको देखिन्छ (हे.तालिका)।

अध्ययनार्थ विदेशिएका विद्यार्थीको


**वैदेशिक अध्ययन अनुमति पत्र र विदेशिएको रकम (रु.अर्बमा)**

| आर्थिक वर्ष | वैदेशिक अध्ययन अनुमतिपत्र जारी सङ्ख्या | वैदेशिक अध्ययनको नाममा विदेशिएको रकम | विद्यार्थीले राहदानी सुविधाबापत लिएको विदेशी मुद्रा* | वैदेशिक अध्ययनमा विदेशिएको कुल विदेशी मुद्रा |
|---|---|---|---|---|
| २०७०/७१ | २८,१२६ | १५.१२ | २.७६ | १७.८८ |
| २०७१/७२ | ३०,७९७ | १७.०७ | ३.०६ | २०.१३ |
| २०७२/७३ | ३७,१४८ | २०.१४ | ३.९५ | २४.०९ |
| २०७३/७४ | ५०,७९६ | ३५.०२ | ५.४० | ४०.४२ |
| २०७४/७५ | ५८,७५८ | ३८.०९ | ६.१३ | ४४.२२ |
| २०७५/७६ | ६३,४१७ | ४६.३२ | ७.१६ | ५३.४८ |
| २०७६/७७ | ३३,१९६ | २५.८१ | ३.८६ | २९.६७ |
| २०७७/७८ | २८,८८३ | २४.९६ | ३.४० | २८.३६ |
| २०७८/७९ | १,०२,५०४ | ६७.७० | १२.३९ | ८०.०९ |
| २०७९/८० | १,१०,२१७ | १००.४२ | १४.४० | ११४.८२ |
| **कुल** | **५,४३,८४२** | **३९०.६६** | **६२.५८** | **४५३.१७** |

*स्रोत : शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र नेपाल राष्ट्र बैंक।*

** प्रतिविद्यार्थी औसत अमेरिकी डलर १००० लाई आधार मान्दा।*

**आ.व. २०७९/८० मा वैदेशिक अध्ययनमा गएका विद्यार्थी सङ्ख्या**




*स्रोत: शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय ।*

देशगत तथ्याङ्कलाई केलाउँदा अति विकसित देशहरू जस्तैः अष्ट्रेलिया, जापान, क्यानडा, अमेरिका र युरोपलगायतका मुलुकमा गएका विद्यार्थीको सङ्ख्या बढी छ। रोजगारी, गुणस्तरीय जीवनको सुनिश्चितता तथा सामाजिक सुरक्षालगायतका आकर्षणका कारण ती देशमा गएका विद्यार्थी अन्ततः सोही देशको स्थायी बासिन्दामा परिणत हुँदै गएका छन्। विद्यार्थीले उच्च शिक्षा पूरा गरेपछि राम्रो रोजगारीको सुनिश्चिततासँगै स्थायी बसोबास अनुमति र विस्तारै नागरिकतासमेत प्राप्त हुने भएकाले पनि ती देशतर्फ विद्यार्थीको आकर्षण बढ्दो छ।

आ.व. ०७९/८० मा विदेशिएका कुल विद्यार्थीमध्ये सबैभन्दा बढी अष्ट्रेलियामा ३०.८ प्रतिशत, जापानमा १९.७ प्रतिशत, क्यानडामा १९.५ प्रतिशत, बेलायतमा ९.६ प्रतिशत र अमेरिकामा ३.६ प्रतिशत विद्यार्थी अध्ययनका नाममा गएका छन्। त्यस्तै, सोही वर्ष सर्वाधिक रोजाइका पाँच देशमा ८३ प्रतिशत र १० देशमा ९३ विद्यार्थी प्रतिशत विद्यार्थी गएको देखिन्छ।

## किन बढ्दैछ विदेशिने क्रम ?

नेपालबाट विदेशिने अधिकांश विद्यार्थी अध्ययन सकेपछि स्वदेश फर्कनेभन्दा पनि गन्तव्य मुलुकमा स्थायी बसोबास गर्ने दीर्घकालीन लक्ष्यका साथ त्यसतर्फ जाने प्रवृत्ति देखिएको छ। अध्ययनका नाममा विद्यार्थी पलायन हुने कारणमा बसाइसराइका कारणहरू जस्तैः विकर्षण अर्थात् धकेल्ने तत्व (push factors) र आकर्षण अर्थात् तान्ने तत्व (pull factors) दुवै जिम्मेवार छन्। विदेशिएका विद्यार्थीहरू अध्ययन सकेपछि स्वदेश फर्किने दर अत्यन्त न्यून रहेकोले नेपालबाट विद्यार्थी पलायन हुने मुख्य कारणमा विकर्षण अर्थात् धकेल्ने तत्व नै बढी जिम्मेवार देखिन्छ। अन्तर्राष्ट्रियस्तरमा नेपालको उच्च शिक्षाको गुणस्तर कम रहेको, उच्च शिक्षा पूरा गरेपछि स्वदेशी बजारमा रोजगारीको सम्भावना न्यून रहेको र महङ्गीको तुलनामा पारिश्रमिक निकै कम रहेकका कारण स्वदेशी श्रमबजारप्रति विद्यार्थीको लगाव नरहेको देखिन्छ। स्वदेशमा नारामा सीमित विकास, औद्योगिक विकासको न्यून सम्भावना, कमजोर सार्वजनिक प्रशासन, शासकीय सुधारको न्यून सम्भावना, कानुनी शासन सुनिश्चित हुन नसक्नु, बहुबेथिति, अत्यधिक राजनीतीकरण, राजनीतिको आडमा सम्पत्तिको केन्द्रीकरण (crony capitalism), बेरोजगारी र सकारात्मक विभेदका नाममा क्षमतावान्ले स्थान नपाउनुलगायतका कारणले युवा विद्यार्थीमा देशप्रति नैराश्यता बढ्दै गएको छ।

**विकासको नाममा ठूलाठूला प्रचार बाजी गरिए पनि प्रगति प्रायः न्यून छ। दशकौंदेखि राज्य सञ्चालनमा उही पात्र र उस्तै प्रवृत्ति दोहोरिरहेका कारण नेपाल कहिल्यै बन्दैन र नेपालमा केही हुँदैन भन्ने भाष्य युवामा विकास हुँदै गएकाले पनि ठूलो सङ्ख्यामा विद्यार्थी विदेशिने प्रवृत्ति देखिएको छ।**

देशमा शासकीय व्यवस्था परिवर्तन भए पनि आम जनताको अवस्थामा अर्थपूर्ण परिवर्तन आएको देखिँदैन। विकासको नाममा ठूलाठूला प्रचार बाजी गरिए पनि प्रगति प्रायः न्यून छ। दशकौंदेखि राज्य सञ्चालनमा उही पात्र र उस्तै प्रवृत्ति दोहोरिरहेका कारण नेपाल कहिल्यै बन्दैन र नेपालमा केही हुँदैन भन्ने भाष्य युवामा विकास हुँदै गएकाले पनि ठूलो सङ्ख्यामा विद्यार्थी विदेशिने प्रवृत्ति देखिएको छ। यद्यपि, गन्तव्य मुलुकमा उपलब्ध हुने रोजगारीको अवसर, सेवा सुविधा र गुणस्तरीय जीवनको चाहनका कारणसमेत नेपाली विद्यार्थीमा वैदेशिक अध्ययनप्रति आकर्षण बढ्दै गएको देखिन्छ।

## विद्यार्थी पलायनको सम्भावित परिणाम

वैदेशिक अध्ययनको नाममा विद्यार्थी बाहिरिनु भनेको देशको प्रतिभा र विदेशी मुद्राको पलायन मात्र नभएर अन्ततः यो जनसाङ्ख्यिक पलायन र पुँजी पलायनमा परिणत हुने निश्चित छ। युवा विद्यार्थी देशको ऊर्जा र उत्पादनका स्रोत हुन्। विगत १० वर्षको तथ्याङ्क हेर्दा प्रतिवर्ष विदेशिने विद्यार्थीको सङ्ख्या औसतमा ३२ प्रतिशतले वृद्धि हुँदै गएको छ। आर्थिक रूपमा अति सक्रिय जनसङ्ख्या यसरी बाहिर जाने क्रम बढ्दै गएमा अबका केही वर्षमा स्वदेशी श्रमबजारका सम्भावित दक्ष जनशक्तिका रूपमा हेरिएका अधिकांश युवा विद्यार्थीले देश छाड्ने सम्भावना प्रबल छ। यसबाट देशभित्र दक्ष श्रमशक्तिको अभाव भई यसै पनि न्यून रहको देशको आन्तरिक उत्पादन अझै घट्ने र समग्र मागमा समेत कमी आउने सम्भावनालाई नकार्न सकिँदैन। आर्थिक रूपले उत्पादनशील जनशक्ति घट्ने र निष्क्रिय जनसङ्ख्याको अनुपात बढ्दै जाँदा आगामी दिनमा देशको परनिर्भरता अरू बढ्ने देखिन्छ। त्यस्तै, विदेशिएका अधिकांश विद्यार्थीको अन्तिम उद्देश्य स्थायी रूपले विदेशमै बसोबास गर्ने भएकोले स्थायी बसोबासको यकिन भएपश्चात् नेपालमा भएको आफ्नो सम्पत्ति बिक्री गरी त्यसबापत प्राप्त हुने रकमलाई अनौपचारिक माध्यममार्फत गन्तव्य मुलुकमा लैजान सक्ने सम्भावनासमेत देखिन्छ। अतः प्रतिभावान् विद्यार्थी पलायनबाट सुरु भएको नेपाली विद्यार्थीको वैदेशिक अध्ययनले प्रतिभा र विदेशी मुद्रा पलायन हुँदै अन्ततः देशको जनसाङ्ख्यिक संरचना परिवर्तन, पुँजी पलायन र दीर्घकालमा मुलुकको विकासमा गम्भीर असर पर्ने देखिन्छ।

सार्वजनिक प्रशासन र व्यावसायिक वातावरणमा सुधार गरी थप आन्तरिक रोजगारीको अवसर सिर्जना गर्न सके देशभित्रै केही गर्न सकिन्छ भन्ने भावनाको विकास भई त्यसले अस्वभाविक रूपमा भइरहेको विद्यार्थी पलायन रोक्न टेवा पुग्ने देखिन्छ। ■

# सिद्धार्थनगरमा समसामयिक बैंकिङ विषयमा छलफल




सिद्धार्थनगर कार्यालयले साउन २१ गते समसामयिक बैंकिङ विषयमा बैंक तथा वित्तीय संस्थाका शाखा प्रमुख तथा प्रतिनिधिहरूसँग समसामयिक विषयमा छलफल कार्यक्रम आयोजना गऱ्यो ।

कार्यालयका निर्देशक सत्येन्द्रराज सुवेदीको अध्यक्षतामा आयोजित कार्यक्रममा रूपन्देही जिल्लास्थित बैंक तथा वित्तीय संस्थाका शाखा प्रमुख तथा प्रतिनिधिसहित ४३ जनाको सहभागिता थियो । कार्यक्रममा नोट व्यवस्थापन, डिजिटल भुक्तानीको प्रवर्द्धन र गुनासो व्यवस्थापनलगायतका समसामयिक विषयमा छलफल भएको थियो ।

कार्यक्रममा सहभागीले बैंक तथा वित्तीय संस्थामा सुकिलो नोट अत्यधिक रहेकाले दसैं लगायतका चाडपर्वमा नयाँ नोटको सट्टा सफा नोट सर्वसाधारणलाई वितरण गर्नुपर्ने र विद्युतीय भुक्तानीलाई प्रवर्द्धन गर्दै नगद कारोबारलाई निरुत्साहित गर्नुपर्ने सुझाव दिएका थिए । सो अवसरमा सिक्का, जाली नोट, वित्तीय ग्राहक संरक्षण, विदेशी मुद्रा पहिचानलगायतका विषयमा सहभागीबीच छलफल भएको थियो ।

कार्यक्रममा निर्देशक सुवेदीले छलफलमा उठेका जिज्ञासाको सम्बोधन गर्दै राष्ट्र बैंकद्वारा जारी निर्देशनको पालना गर्न आग्रह गर्नुभयो । सो अवसरमा कार्यालयका उप-निर्देशक जीवनप्रकाश पाण्डेयले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्नुभयो भने उप-निर्देशक छविलाल घिमिरेले छलफलका एजेन्डाबारे जानकारी गराउनुभयो । सहायक निर्देशक देवराज ज्ञवालीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# नेपाल र यूएईको वित्तीय जानकारी इकाइबीच समझदारी

नेपाल र संयुक्त अरब ईमिरेट्स (यूएई) को वित्तीय जानकारी इकाइबीच सम्पत्ति शुद्धीकरण र आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानीसँग सम्बन्धित सूचना आदानप्रदान गर्नेगरी समझदारी भएको छ ।




दुई निकायबीच सम्पत्ति शुद्धीकरण र आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानीसँग सम्बन्धित सूचना आदानप्रदान गर्ने र यस्ता विषयमा आवश्यक सहकार्य गर्ने समझदारी भएको हो । योसँगै नेपाल र विदेशका वित्तीय जानकारी इकाइबीच समझदारी भएका मुलुकको संख्या १८ पुगेको छ ।

असार १९ गते यूएईको अबुधाबीमा आयोजित 'द एगमन्ट प्लेनरी'का अवसरमा यूएईस्थित वित्तीय जानकारी इकाइका प्रमुख फैसल वालावीले उक्त समझदारीपत्रमा हस्ताक्षर गर्नुभयो । यसअघि, वित्तीय जानकारी इकाइका निर्देशक दीर्घबहादुर रावलले काठमाडौंमा समझदारीपत्रमा हस्ताक्षर गर्नुभएको थियो । इकाइका सहायक निर्देशक अमिश शर्माले अबुधाबीमा आयोजित प्लेनरीमा नेपालको तर्फबाट प्रतिनिधित्व गर्नुभएको थियो । ■

# पोखरा, सिद्धार्थनगर र सुर्खेत कार्यालयमा ज्ञान आदानप्रदान कार्यक्रम





पोखरा कार्यालयले साउन १० गते गर्नुपर्ने ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो । कार्यालयका निर्देशक आर्या जोशीको संयोजकत्वमा आयोजित कार्यक्रममा प्रधान सहायक राजेन्द्र लम्सालले 'अध्यात्म र आर्थिक सुशासन' विषयमा वार्ता प्रस्तुत गर्नुभयो ।

सो अवसरमा 'गण्डकी प्रदेशको आर्थिक तथा वित्तीय अवस्थाः सङ्क्षिप्त झलक' नामक ब्रोसर सार्वजनिक गरिएको थियो । कार्यालयका निर्देशक जोशी र उप-निर्देशक नवीना ढकालले उक्त ब्रोसरको विमोचन गर्नुभयो । उक्त ब्रोसरमा गण्डकी प्रदेशको सङ्क्षिप्त परिचय, यसको भौगोलिक विवरण, जनसाङ्ख्यिक विवरण, प्रदेशको प्रमुख आर्थिक तथा वित्तीय परिसूचकहरू, गण्डकी प्रदेश सरकारको आर्थिक वर्ष २०८०/८१ को बजेटको सङ्क्षिप्त झलकलगायतका विषयलाई समेटिएको छ । कार्यक्रममा कार्यालयका सम्पूर्ण कर्मचारीको सहभागिता थियो ।

यसै गरी, सिद्धार्थनगर कार्यालयले साउन २१ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो । कार्यालयका निर्देशक सत्येन्द्रराज सुवेदीको संयोजकत्वमा आयोजित कार्यक्रममा सहायक निर्देशक निर्मला दाहालले सिद्धार्थनगर कार्यालयमा पहिचान भएका जोखिम र सोको न्यूनीकरणका उपायबारे कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

यसै गरी, सुर्खेत कार्यालयले साउन २६ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो । सो अवसरमा कार्यालयका सहायक निर्देशक चिनिया लामाले 'अनुसन्धान पद्धति र प्रतिवेदन लेखन' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो ।

त्यस क्रममा उहाँले अनुसन्धान पद्धतिका चरण, तथ्याङ्क सङ्कलन, प्रशोधनका प्रक्रिया र प्रतिवेदन लेखनका विविध पक्षबारे चर्चा गर्नुभयो । कार्यक्रममा सुर्खेत कार्यालयका प्रमुख बाबुराम कोइरालाले अनुसन्धान पद्धतिको महत्वबारे उल्लेख गर्दै आगामी दिनमा आर्थिक अनुसन्धानसम्बन्धी कार्य थप गुणस्तरीय हुने विश्वास व्यक्त गर्नुभयो । ■

# केन्द्रद्वारा दुई वटा तालिम सम्पन्न



बैंकर्स प्रशिक्षण केन्द्रले साउन महिनामा दुई वटा तालिम कार्यक्रम सम्पन्न गरेको छ। यस क्रममा केन्द्रले साउन १८ गते 'Nepal Financial Reporting Standards (NFRS)' विषयक अधिकृत/सहायकस्तरीय तालिम कार्यक्रम सञ्चालन गऱ्यो। तीन वटा सेसनमा सञ्चालित तालिममा NFRS को पृष्ठभूमि, यसको आवश्यकता, यसमा समेटिने वित्तीय विवरणका शीर्षक, तिनको प्रस्तुतीकरणलगायतका विषयमा सहभागीलाई प्रशिक्षण दिइएको थियो।

उक्त तालिममा लघुवित्त संस्था सुपरिवेक्षण विभागका २२, बैंक सुपरिवेक्षण विभाग, वित्तीय संस्था सुपरिवेक्षण विभाग र गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभागका दुई-दुई, बैंक तथा वित्तीय संस्था नियमन विभाग, वित्त व्यवस्थापन विभागका एक, भुक्तानी प्रणाली विभाग र आन्तरिक लेखापरीक्षण विभागका एक-एक गरी कुल ३२ जना कर्मचारीको सहभागिता थियो।

यसै गरी, केन्द्रले साउन २८ देखि ३२ गतेसम्म 'Risk Based Internal Audit' विषयक अधिकृतस्तरीय तालिम कार्यक्रम सञ्चालन गऱ्यो। १४ वटा सेसनमा सञ्चालित उक्त तालिममा नेपाल राष्ट्र बैंकको आन्तरिक लेखापरीक्षण प्रक्रिया, अन्तर्राष्ट्रिय अभ्यास, जोखिममा आधारित आन्तरिक लेखापरीक्षणको अवधारणा र प्रक्रिया, आन्तरिक नियन्त्रण प्रणाली, राष्ट्र बैंकको जोखिम व्यवस्थापन प्रणालीलगायतका विषयमा प्रशिक्षण दिइएको थियो। उक्त तालिममा विभिन्न विभाग/कार्यालयका ३१ जना कर्मचारीको सहभागिता थियो। ■

## अवकाश

मुद्रा व्यवस्थापन विभाग, टक्सार महाशाखाका प्रधान सहायक राजप्रकाश आचार्यले २०८० साउन ४ देखि बैंक सेवाबाट अवकाश पाउनुभएको छ। उहाँले ५८ वर्षे उमेरहदका आधारमा अवकाश पाउनुभएको जानकारी मानव संसाधन व्यवस्थापन विभागले दिएको छ। *नेपाल राष्ट्र बैंक समाचार* उहाँको सुखद अवकाश जीवनको निम्ति हार्दिक शुभकामना व्यक्त गर्दछ। ■

*प्रकाशक*
**नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय**
सूचना तथा सञ्चार समन्वय महाशाखा
बालुवाटार, काठमाडौं, फोन : ४४१९८०४, Ext.: १३९/१४०/३६२
इमेल : samachar@nrb.org.np,
वेबसाइट : www.nrb.org.np

*सम्पादक*
**डा. भागवत आचार्य**

*सम्पादन सहयोगी*
सविन ओली
लालकुमार सुवेदी
नवीना ताम्राकार

*ले-आउट*
संजीव दाहाल